बुढानीलकण्ठ नगरपालिका

नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्ड : ७ | सङ्ख्या : ५ | मिति :- २०८१।०३।३०

भाग : १


# बुढानीलकण्ठ नगरपालिकाको खेलकुद विकास बोर्ड सञ्चालन ऐन, २०८१

**प्रस्तावना :**

खेलकुदको माध्यमबाट नगरका नागरिकमा राष्ट्रियता सम्बन्धी सामूहिक भावनाको विकास गर्न, नागरिकलाई स्वस्थ, अनुशासित, मर्यादित तथा गतिशील बनाउन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान र सम्मान अभिवृद्धि गर्न तथा बुढानीलकण्ठ नगरपालिकामा खेलकुद क्षेत्रको समग्र विकास, विस्तार, प्रवर्द्धन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको अनुसूची–९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बुढानीलकण्ठ नगरपालिकाको १४ औं नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बुढानीलकण्ठ नगरपालिकाको खेलकुद विकास बोर्ड सञ्चालन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन बुढानीलकण्ठ नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अध्यक्ष"** भन्नाले बोर्डको अध्यक्ष सम्झनुपर्छ।

(ख) **"उपाध्यक्ष"** भन्नाले बोर्डको उपाध्यक्ष सम्झनुपर्छ।

(ग) **"उपसमिति"** भन्नाले यस ऐन वा बोर्डद्वारा कुनै खास कार्यका लागि गठन गरिएको समिति वा उपसमिति सम्झनुपर्छ।

(घ) **"खेलाडी"** भन्नाले खेलकुद प्रतियोगिता वा प्रशिक्षणमा सहभागी हुने वा खेलकुदमा संलग्न व्यक्ति सम्झनुपर्छ।

(ङ) **"खेलकुद"** भन्नाले शारीरिक तथा मानसिक विकास, मनोरञ्जन, प्रतिस्पर्धा वा दक्षता अभिवृद्धिका लागि सञ्चालन गरिने खेल, व्यायाम तथा सम्बन्धित क्रियाकलाप सम्झनुपर्छ।

(च) **"खेलकुद विकास बोर्ड"** वा **"बोर्ड"** भन्नाले दफा ३ बमोजिम गठन भएको बुढानीलकण्ठ नगरपालिकाको खेलकुद विकास बोर्ड सम्झनुपर्छ।

(छ) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका वा मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ज) **"नगर कार्यपालिका"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(झ) **"नगरपालिका"** भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ।

(ञ) **"प्रमुख"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(ट) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ठ) **"सदस्य"** भन्नाले बोर्ड वा समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष तथा सदस्य–सचिवलाई समेत जनाउँछ।

(ड) **"सदस्य–सचिव"** भन्नाले बोर्डको सदस्य–सचिव सम्झनुपर्छ।

(ढ) **"समिति"** भन्नाले दफा १४ बमोजिम गठन हुने वडा खेलकुद विकास समिति सम्झनुपर्छ।

(ण) **"शाखा"** भन्नाले नगरपालिकामा खेलकुदसम्बन्धी विषय हेर्ने सम्बन्धित शाखा सम्झनुपर्छ।

(त) **"सङ्घ संस्था"** भन्नाले खेलकुदसम्बन्धी कार्य गर्ने वा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने प्रचलित नूनबमोजिम दर्ता भएको क्लब, सङ्घ, संस्था वा अन्य निकाय सम्झनुपर्छ।

## परिच्छेद–२
## नगर खेलकुद विकास बोर्ड गठन तथा सञ्चालन

**३. नगर खेलकुद विकास बोर्ड गठन :** (१) नगरपालिकामा खेलकुदको विकास, विस्तार, प्रवर्द्धन तथा व्यवस्थापन गर्न नगर कार्यपालिकाले नगर खेलकुद विकास बोर्ड गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डमा देहायका अध्यक्ष, उपाध्यक्ष तथा सदस्य रहनेछन्।

(क) नगरपालिकाको प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य एक जना – अध्यक्ष।

(ख) नगरपालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलजगतमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिमध्येबाट नगरपालिकाले तोकेको एक जना – उपाध्यक्ष।

(ग) नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलजगतमा ख्याति प्राप्त गरेका व्यक्तिमध्येबाट कम्तीमा दुई जना महिलासहित छ जना – सदस्य।

(घ) नगर सभा सदस्यमध्ये कम्तीमा एक जना महिलासहित दुई जना – सदस्य।

(ङ) नगरपालिकाभित्र खेलकुद क्षेत्रमा सम्बद्ध व्यक्तिमध्ये कम्तीमा तीन जना महिलासहित सात जना – सदस्य।

(च) युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य–सचिव।

(३) नेपालको खेलकुद क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति वा विषयविज्ञलाई बोर्डको बैठकमा आमन्त्रित सदस्यका रूपमा आमन्त्रण गर्न सकिनेछ।

(४) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ।

(५) बोर्डका सबै काम कारबाहीका लागि छुट्टै कार्यालय, छाप तथा लेटरप्याड हुनेछ।

(६) बोर्डले प्रचलित कानूनको अधीनमा रही चल तथा अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न तथा व्यवस्थापन गर्न सक्नेछ।

(७) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालेस, उजुर गर्न र सो उपर सोही नामबाट नालेस, उजुर लाग्न सक्नेछ।

**४. पदावधि सम्बन्धी व्यवस्था :** (१) बोर्डका पदेन सदस्यबाहेक मनोनीत अन्य सदस्यको पदावधि चार वर्ष हुनेछ। अध्यक्ष र उपाध्यक्षलाई लगातार दुई कार्यकालभन्दा बढी मनोनयन गरिने छैन।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ३ बमोजिम पदपूर्ति गरिनेछ।

(३) कुनै सदस्यले पदबाट राजीनामा दिएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले इमानदारीपूर्वक आफ्नो कर्तव्य पालन नगरेको भनी बोर्डका कम्तीमा दुई तिहाइ सदस्यले सिफारिस गरेमा नगरपालिकाले त्यस्तो सदस्यलाई पदावधि समाप्त हुनुअघि जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर उपाध्यक्ष र सदस्य–सचिवलाई पदावधि समाप्त हुनुअघि पदबाट हटाउने निर्णय अध्यक्षको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाइ पेश गर्ने उचित मौका दिनुपर्नेछ।

**५. सदस्यको अयोग्यता सम्बन्धी व्यवस्था :** देहायको कुनै व्यक्ति सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्ने छैनः

(क) गैरनेपाली नागरिक भएमा।

(ख) मानसिक रूपमा अशक्त भई कामकाज गर्न असमर्थ भएको प्रमाणित भएमा।

(ग) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अदालतबाट कसूरदार ठहरी सजाय पाएको भएमा।

(घ) निजको नाममा व्यक्तिगत बेरुजु कायम रहेको भएमा।

(ङ) दामासाहीमा परेको भएमा।

(च) पदेन सदस्यबाहेक अन्य सदस्यको हकमा एक्काइस वर्ष उमेर पूरा नभएको भएमा।

**६. सदस्यता समाप्ति सम्बन्धी व्यवस्था** : देहायको अवस्थामा बोर्डको सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा।

(ख) राजीनामा दिएमा।

(ग) मृत्यु भएमा।

(घ) बिना सूचना लगातार तीन पटकभन्दा बढी बोर्डको नियमित बैठकमा अनुपस्थित भएमा।

**७. बोर्डको बैठक र निर्णय सम्बन्धी व्यवस्था :** (१) अध्यक्षको निर्देशनअनुसार सदस्य–सचिवले बोर्डको बैठक बोलाउनेछ र बैठकको सूचना बैठक बस्ने दिनभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यलाई दिनुपर्नेछ।

(२) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) बोर्डको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) बोर्डको बैठक वर्षमा कम्तीमा छ पटक बस्नेछ। तर बोर्डका एक तिहाइ सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र बैठक बोलाउनुपर्नेछ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ।

(६) सदस्य–सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नुपर्नेछ। यस दफामा लेखिएदेखि बाहेक बैठकसम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**८. बोर्डको काम, कर्तव्य र अधिकार :** (१) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नगरपालिकाको खेलकुदसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने।

(ख) बजेट तथा कार्यक्रम तयार गरी नगर कार्यपालिकामा पेश गर्ने।

(ग) बोर्डको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

(घ) नगरस्तरीय, अन्तरवडा तथा आवश्यकताअनुसार राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गर्ने तथा खेलाडीको स्तरवृद्धिका लागि स्वदेशी तथा विदेशी प्रशिक्षकबाट तालिमको व्यवस्था गर्ने।

(ङ) जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरीय खेलकुद प्रतियोगिता वा बैठकमा नगरपालिकाको तर्फबाट खेलाडी तथा खेलकुदसम्बद्ध व्यक्तिलाई सहभागी गराउने।

(च) खेलाडी तथा सङ्घ संस्थाको वर्गीकरण गर्न समिति गठन गरी वर्गीकरणका आधारमा प्रचलित कानूनबमोजिम आर्थिक सहायता, छात्रवृत्ति, बीमा, स्वास्थ्य उपचार लगायतका सुविधा वा सहयोग उपलब्ध गराउन नगरपालिका समक्ष सिफारिस गर्ने तथा प्रदेश र सङ्घीय सरकार समक्ष नगरपालिकामार्फत सिफारिस गर्ने।

(छ) नगरपालिकामा खेलकुदका पूर्वाधार तयार गरी संरक्षण तथा प्रवर्द्धन गर्ने।

(ज) नगरस्तरीय खेलकुद प्रतियोगिता तथा कार्यक्रम सञ्चालन गर्ने।

(झ) खेलकुदको विकासका लागि नगरपालिकाभित्र वडास्तरमा खेलकुद विकास समिति गठन गर्ने।

(ञ) अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित खेलकुदको विकासका लागि तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने वा गराउने र आवश्यक अन्य कार्य गर्ने वा गराउने।

(ट) नगर कार्यपालिकाको निर्णयबमोजिम नगरस्तरमा आवासीय खेलकुद विद्यालय, खेलकुद प्रतिष्ठान, अनुसन्धान केन्द्र तथा खेलकुद सङ्ग्रहालय स्थापना गर्ने।

(ठ) खेल पर्यटनको विकास गर्ने तथा परम्परागत खेलको संरक्षण र प्रवर्द्धन गर्ने।

(ड) खेलकुदको विकासका लागि अन्य आवश्यक व्यवस्था गर्ने वा गराउने।

(२) बोर्ड आफैँले वा नगरपालिकाले दर्ता भएका संस्थाहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्न वा गराउन सक्नेछ।

(३) बोर्डले नगर कार्यपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछः

(क) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई आमन्त्रण गरी स्थानीय खेलाडिहरुको क्षमता विकास,

(ख) खेलकुद विकासका लागि सभा, सम्मेलन, गोष्ठी कार्यशालाको आयोजना,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन,

(घ) नगरस्तरीय विषयगत खेलकुद कार्यक्रम ।

(४) अन्य स्थानीय तह, प्रदेश तह वा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा बोर्डले नगरका संघ संस्था वा विद्यालय, कलेजलाई सहभागि गराउन सक्नेछ ।

(५) बोर्डले आवश्यकता र स्रोतको उपलब्धताको आधारमा प्रत्येक वर्ष नगरस्तरीय, वडास्तरीय वा विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरुको आयोजना गर्न सक्नेछ ।

(६) खेलकुदको नगरस्तरीय पहिचान कायम गर्न बोर्डले नगरकार्यपालिकाको स्वीकृति लिई नगर क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाक तथा संकेत चिन्हको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

**९. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) बोर्डको बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठकमा पेश हुने प्रस्ताव तयार गर्न सदस्य–सचिवलाई निर्देशन दिने ।

(ग) बोर्डको उद्देश्यबमोजिम कार्य गर्न नीति तथा योजना निर्माण गर्ने ।

(घ) बोर्डसँग सरोकार र सम्बन्ध रहेको विषयवस्तुमा हुने छलफलमा बोर्डको तर्फबाट सहभागी हुने वा अन्य सदस्यलाई सहभागी गराउने ।

**१०. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको अनुपस्थितिमा बोर्डको बैठकको अध्यक्षता गर्ने ।

(ख) बोर्डको उद्देश्यबमोजिम कार्य गर्न आवश्यक नीति निर्माणमा अध्यक्षलाई सहयोग गर्ने ।

(ग) अध्यक्षले तोकेका अन्य कार्य गर्ने ।

**११. सदस्य–सचिवको काम, कर्तव्य र अधिकार :**

(१) सदस्य–सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अध्यक्षको निर्देशनमा बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र बैठकको आवश्यक विषयसूची तयार गर्ने वा गराउने ।

(ख) बोर्डको बार्षिक कार्यक्रम तथा बजेट, बोर्डबाट भएका निर्णय कार्यान्वियन गर्ने वा गराउने ।

(ग) बोर्डको अनुमानित वार्षिक आय–व्यय (बजेट) तथा कार्यक्रम तयार गरी बोर्ड समक्ष पेश गर्ने ।

(घ) बोर्डको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा सञ्चालनसम्बन्धी आवश्यक कार्य गर्ने वा गराउने ।

(ङ) बोर्डको प्रशासनिक प्रमुख भई कार्य गर्ने ।

(च) बोर्डको कार्यक्रम तथा बजेट सञ्चालन गर्ने ।

(छ) बोर्डको निर्णय पुस्तिका प्रमाणित गर्ने ।

(ज) बोर्डको कार्य सञ्चालनमा अनुशासन तथा पारदर्शिता कायम गर्ने ।

(झ) बोर्डले तोकेबमोजिमका अन्य कार्य गर्ने ।

(२) यस दफाबमोजिम सदस्य–सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा अध्यक्ष र उपाध्यक्षको निर्देशनमा रही गर्नुपर्नेछ ।

**१२. समिति तथा उपसमिति गठन सम्बन्धी व्यवस्था** : (१) बोर्डले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूले गर्नुपर्ने कुनै कामका लागि आवश्यकता अनुसार समिति वा उपसमिति गठन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, अधिकार तथा सदस्यले पाउने बैठक भत्ता वा अन्य सुविधा बोर्डको सिफारिसमा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**१३. स्वीकृति तथा समन्वय लिनुपर्ने :** बोर्डले आफ्नो कार्य सञ्चालनको सिलसिलामा स्वदेशी वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, विदेशी संस्था वा व्यक्तिसँग आर्थिक सम्झौता वा अन्य महत्वपूर्ण सहयोगसम्बन्धी सम्झौता गर्दा प्रचलित कानूनबमोजिम नगरपालिकाको तथा आवश्यकताअनुसार प्रदेश र सङ्घीय सरकारको स्वीकृति वा सहमति लिनुपर्नेछ ।

## परिच्छेद–३
## वडा खेलकुद विकास समिति

**१४. वडा खेलकुद विकास समिति गठन :**

(१) खेलकुदको विकास, विस्तार तथा प्रवर्द्धन गर्न बोर्डको मातहतमा रहने गरी नगरपालिकाको प्रत्येक वडामा वडा खेलकुद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायबमोजिम अध्यक्ष तथा सदस्य रहनेछन् ।

(क) वडाअध्यक्ष वा निजले तोकेको वडा समिति सदस्य - अध्यक्ष

(ख) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट बोर्डले मनोनीत गरेको सोही वडामा बसोबास गर्ने एक जना – उपाध्यक्ष

(ग) खेलकुदमा आबद्ध सङ्घ संस्थाको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिलासहित वडा खेलकुद समितिले मनोनीत गरेका तीन जना – सदस्य ।

(घ) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट वडा खेलकुद समितिले मनोनीत गरेका कम्तीमा एक जना महिलासहित दुई जना – सदस्य ।

(ङ) सम्बन्धित वडा समितिका जनप्रतिनिधिमध्येबाट आमन्त्रित एक जना – सदस्य ।

(च) सम्बन्धित वडाको सचिव – सदस्य–सचिव ।

(छ) सम्बन्धित वडामा बसोबास गर्ने राष्ट्रिय खेलाडीलाई समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

(३) अध्यक्ष र उपाध्यक्ष मनोनयन गर्दा कम्तीमा एक जना महिला हुनुपर्नेछ।

**१५. वडा खेलकुद विकास समितिको पदावधि :**

(१) पदेन सदस्यबाहेक समितिका अन्य सदस्यको पदावधि चार वर्ष हुनेछ। अध्यक्ष र उपाध्यक्षलाई लगातार दुई कार्यकालभन्दा बढी मनोनयन गरिने छैन।

(२) पदावधि समाप्त नहुँदै समितिका कुनै सदस्यको पद रिक्त भएमा बाँकी पदावधिका लागि पदपूर्ति गरिनेछ।

(३) कुनै सदस्यले पदबाट राजीनामा दिएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ।

(४) समितिका कुनै सदस्यले इमानदारीपूर्वक आफ्नो कर्तव्य पालन नगरेको देखिएमा समितिका कम्तीमा दुई तिहाइ सदस्यको सिफारिसमा बहुमतबाट निर्णय गरी त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ। तर पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइ पेश गर्ने उचित मौका दिनुपर्नेछ।

**१६. वडा खेलकुद विकास समितिको सदस्यको अयोग्यता :**

देहायको अवस्था भएमा कुनै व्यक्ति समितिको सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्ने छैनः

(क) गैरनेपाली नागरिक भएमा।

(ख) भ्रष्टाचार वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अदालतबाट कसूरदार ठहरी सजाय पाएको भएमा।

(ग) मनोनयन हुने वा बहाल रहेको समयमा मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा।

(घ) पदेन सदस्यबाहेक अन्य सदस्यको हकमा अठार वर्ष उमेर पूरा नभएको भएमा।

**१७. वडा खेलकुद विकास समितिको सदस्यता समाप्ति :**

देहायको अवस्थामा समितिको सदस्यता समाप्त भएको मानिनेछः

(क) दफा १६ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा।

(ख) राजीनामा दिएमा।

(ग) मृत्यु भएमा।

(घ) बिना सूचना लगातार तीन पटकभन्दा बढी समितिको नियमित बैठकमा अनुपस्थित भएमा।

**१८. वडा खेलकुद विकास समितिको बैठक :**

(१) अध्यक्षको निर्देशनअनुसार सदस्य–सचिवले समितिको बैठक बोलाउनेछ। बैठकको सूचना सामान्यतया बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यलाई दिनुपर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ। तर समितिका एक तिहाइ सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्नेछ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

(६) सदस्य–सचिवले बैठकको निर्णय प्रमाणित गरी निर्णय पुस्तिकामा राख्नुपर्नेछ ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

**१९. वडा खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिका लागि बोर्डमा पेश गर्ने ।

(ख) बोर्डले स्वीकृत गरेका योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

(ग) वडास्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने ।

(घ) वडा तहमा खेलकुद सञ्चालन तथा पूर्वाधार विकासका लागि बोर्डसँग समन्वय गरी आवश्यक सहयोग तथा सुझाव दिने ।

(ङ) खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

(च) खेलकुद सञ्चालन तथा विकासका लागि बोर्डलाई सुझाव दिने ।

(छ) खेलकुद पूर्वाधार विकासका लागि बोर्डलाई सिफारिस गर्ने ।

(ज) प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गर्ने ।

(झ) खेलकुद क्षेत्रको विकासका लागि तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**२०. वडा खेलकुद विकास समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बोर्डको निर्देशन कार्यान्वयन गर्ने वा गराउने ।

(ग) नगरपालिका तथा अन्तरपालिका र वडा तहमा हुने खेलकुद प्रतियोगिता आयोजना तथा सहभागिताका लागि समन्वयलगायतका आवश्यक कार्य गर्ने ।

(घ) खेलकुदको विकास, विस्तार तथा सञ्चालनमा विभिन्न निकायसँग समन्वय गर्ने ।

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

**२१. वडा खेलकुद विकास समितिको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षको निर्देशनमा रही समितिको काम कारबाहीको अनुगमन तथा व्यवस्थापन गर्ने ।

(ख) अध्यक्षले तोकेबमोजिमका अन्य कार्य गर्ने ।

**२२. वडा खेलकुद विकास समितिको सदस्य–सचिवको काम, कर्तव्य र अधिकार :**

(१) सदस्य–सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) अध्यक्षको परामर्शमा समितिमा पेश हुने प्रस्ताव तयार गर्ने वा गराउने ।

(ख) समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने वा गराउने ।

(ग) समितिको अनुमानित वार्षिक आय–व्यय (बजेट) तथा कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्ने ।

(घ) समितिको कोष परिचालन, सम्पत्तिको व्यवस्थापन, संरक्षण तथा सञ्चालनसम्बन्धी आवश्यक कार्य गर्ने वा गराउने ।

(ङ) समितिका कर्मचारीको प्रशासनिक प्रमुख भई प्रचलित नियमअनुसार कार्य गर्ने ।

(च) समितिले तोकेबमोजिमका अन्य कार्य गर्ने ।

(२) यस दफाबमोजिम सदस्य–सचिवले आफ्नो अधिकार र कर्तव्यको प्रयोग गर्दा समितिका अध्यक्ष र उपाध्यक्षको निर्देशनमा रही गर्नुपर्नेछ ।

## परिच्छेद–४
## कोष, लेखा तथा कर्मचारी

**२३. बोर्डको कोष तथा लेखापरीक्षण :**

(१) खेलकुदसम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि एक नगर खेलकुद विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् ।

(क) नगरपालिकाबाट वार्षिक बजेटबाट विनियोजित रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ।

(घ) कार्यक्रम सञ्चालन साझेदारी रकम ।

(ङ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ वा संस्थाबाट अनुदान वा सहयोगबापत प्राप्त रकम ।

(च) सेवा प्रदायक वा अन्य निकायबाट प्रचलित कानूनबमोजिम प्राप्त रकम ।

(छ) सङ्घ संस्था दर्ता, नवीकरण तथा आबद्धताबापत प्राप्त रकम ।

(ज) प्रचलित कानूनबमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषको रकम खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार सञ्चालन, खेलकुद गतिविधि सञ्चालन, खेलकुद प्रशिक्षण, सामग्री व्यवस्थापन तथा बोर्डको प्रशासनिक कार्यमा उपयोग गरिनेछ ।

(४) बोर्डको कोषमा रहने रकम नेपालभित्रको कुनै बैंक वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन नगरपालिकाको कार्यालयबाट हुनेछ ।

(५) बोर्डको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(६) नगरपालिकाले चाहेमा बोर्डको आय–व्ययको लेखा, तत्सम्बन्धी कागजात तथा नगदी र जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

(७) बोर्ड तथा समितिका सदस्यले पाउने बैठक भत्ता वा अन्य सुविधा प्रचलित कानून र नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

**२४. कर्मचारी सम्बन्धी व्यवस्था :**

(१) बोर्ड तथा समितिमा नगर कार्यपालिकाले स्वीकृत गरेको दरबन्दीबमोजिम कर्मचारी रहनेछन्।

(२) स्थायी कर्मचारी नियुक्ति नभएसम्म स्वीकृत दरबन्दीमा बढीमा छ महिनाका लागि तोकिएबमोजिम करारमा कर्मचारी नियुक्त गर्न नगर कार्यपालिकालाई यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) नगर कार्यपालिकाले बोर्ड तथा समितिमा आवश्यक कर्मचारी खटाउन सक्नेछ।

**२५. सजाय तथा कारबाही :**

बोर्डका पदाधिकारी, सदस्य वा कर्मचारीले जानीजानी, लापरबाहीपूर्वक वा बदनियतसाथ बोर्ड वा समितिलाई हानि–नोक्सानी पुऱ्याएमा प्रचलित कानूनबमोजिम विभागीय वा अन्य कारबाही गरिनेछ।

## परिच्छेद–५
## सङ्घ संस्था दर्ता, नवीकरण तथा आबद्धता

**२६. सङ्घ संस्था दर्ता, नवीकरण तथा आबद्धता** : (१) नगरपालिका क्षेत्रभित्र खेलकुद सम्बन्धी कार्य गर्ने वा खेलकुद प्रतियोगिता सञ्चालन गर्ने सङ्घ संस्थाले बोर्डमा अनिवार्य रूपमा दर्ता गर्नुपर्नेछ।
(२) संस्था दर्ता नगरी खेलकुदका गतिविधि गर्न पाइनेछैन ।

(३) बोर्डमा दर्ता भई नगरपालिकामा आबद्ध भएका सङ्घ संस्थाले तोकिएको मापदण्डबमोजिम नगरपालिका क्षेत्रभित्र वडास्तरीय सङ्घ संस्था गठन गर्न सक्नेछन्।

(४) उपदफा (३) बमोजिम गठन हुने सङ्घ संस्थाको निर्वाचनसम्बन्धी व्यवस्था प्रचलित कानून तथा तोकिएबमोजिम हुनेछ।

(५) सङ्घ संस्थाले प्रत्येक आर्थिक वर्षभित्र तोकिएको शुल्क बुझाई नवीकरण गर्नुपर्नेछ।

(६) तोकिएको समयमा नवीकरण नगरेमा तोकिएबमोजिमको जरिवाना तिरी नवीकरण गर्न सकिनेछ। जरिवाना समेत नतिरी तोकिएको समयभित्र नवीकरण नगरेमा त्यस्तो सङ्घ संस्थाको दर्ता स्वतः खारेज भएको मानिनेछ।

(७) दर्ता, नवीकरण तथा आबद्धताका लागि क्रमशः अनुसूची–१, अनुसूची–२, अनुसूची–३, अनुसूची–४ र अनुसूची–५ बमोजिमका ढाँचा प्रयोग गरिनेछन्।

(८) उपदफा (१) बमोजिम दर्ता भएका संस्थाहरूले आफ्नो संस्थाको वार्षिक कार्ययोजना र वार्षिक प्रगति प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेछ ।

**२७. सङ्घ संस्थाले श्रेस्ता राख्ने सम्बन्धी व्यवस्था :** (१) सङ्घ संस्थाले आफ्नो आम्दानी तथा खर्चको हिसाबको श्रेस्ता अनुसूची-६ बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

(२) बोर्ड वा समितिले उपदफा (१) बमोजिम सङ्घ संस्थाले राखेको श्रेस्ताको जाँचबुझ जुनसुकै बखत गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम श्रेस्ताको जाँचबुझ गर्दा आम्दानी तथा खर्चको हिसाबकिताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा बोर्ड वा समितिले हिसाबकिताब नियमित गर्न लगाउन तथा हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट सरकारी बाँकीसरह असुलउपर गर्न वा गराउन आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन दिइएमा त्यस्तो निर्देशन कार्यान्वयन गर्नु सम्बन्धित सङ्घ संस्थाको कर्तव्य हुनेछ।

(५) सङ्घ संस्थाले आफ्नो वार्षिक आय–व्यय विवरण तोकिएको अवधिभित्र बोर्डमा पेश गर्नुपर्नेछ।

**२८. निर्देशन दिने तथा आचारसंहिता जारी गर्ने** : (१) बोर्ड वा समितिले खेलकुदको विकास तथा व्यवस्थापनका सम्बन्धमा समयसमयमा सङ्घ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सङ्घ संस्थाको कर्तव्य हुनेछ।

(२) सङ्घ संस्थाले पालना गर्नुपर्ने आचारसंहिता बोर्डले तोकेबमोजिम हुनेछ।

**२९. स्वीकृति लिनुपर्ने :** (१) नगरस्तरीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुदसम्बन्धी सभा वा सम्मेलनमा भाग लिन कुनै खेलाडी वा खेलसम्बद्ध व्यक्तिलाई स्वदेश वा विदेश पठाउन वा नगरपालिकामा आयोजना हुने खेलकुद प्रतियोगितामा विदेशी खेलाडी, प्रशिक्षक वा प्रतिनिधिलाई आमन्त्रण गर्नुपरेमा प्रचलित कानूनबमोजिम आवश्यक स्वीकृति लिनुपर्नेछ ।

(२) नगर, वडा तथा अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्दा तोकिएबमोजिम बोर्ड वा सम्बन्धित समितिको स्वीकृति लिनुपर्नेछ।

(३) संस्थाले जुनसुकै खेलकुद प्रतियोगिता सञ्चालन गर्नु पूर्व बोर्डबाट अनुमति लिनुपर्नेछ ।

(४) अनुमति प्रदान गर्ने प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

**३०. कारबाही तथा दर्ता खारेजी सम्बन्धी व्यवस्था** : (१) देहायको अवस्था उत्पन्न भएमा सङ्घ संस्थालाई बोर्ड वा समितिले नसिहत दिई अभिलेख राख्न सक्नेछ।

(क) बोर्ड वा समितिले दिएको निर्देशन पालना नगरेमा वा आचारसंहिता उल्लङ्घन गरेमा।

(ख) आम्दानी तथा खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा नराखेमा।

(ग) सङ्घ संस्थाले राखेको हिसाबको श्रेस्ताको जाँचबुझ गर्न वा गराउन अवरोध गरेमा।

(घ) बोर्ड वा समितिले तोकेको अन्य अवस्था उत्पन्न भएमा।

(२) देहायको अवस्था उत्पन्न भएमा सङ्घ संस्थालाई बोर्ड वा समितिले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः

(क) उपदफा (१) बमोजिम दुई पटकभन्दा बढी नसिहत पाएमा।

(ख) दफा २९ को उपदफा (२) बमोजिम बोर्ड वा समितिको स्वीकृति नलिई खेलकुद प्रतियोगिता आयोजना गरेमा।

(ग) लगातार पाँच वर्षसम्म नवीकरण नगरेमा ।

(घ) सङ्घ संस्थाको कार्यकारिणी समिति गठन गर्दा निर्वाचनसम्बन्धी तोकिएको प्रावधान पालना नगरेमा ।

(ङ) बोर्ड वा समितिले तोकेको अन्य गम्भीर अवस्था उत्पन्न भएमा ।

(३) देहायको अवस्था उत्पन्न भएमा समितिको सिफारिसमा बोर्डले सङ्घ संस्थाको दर्ता खारेज गर्न सक्नेछः

(क) संविधान वा प्रचलित कानूनले निषेध गरेको प्रावधानको गम्भीर उल्लङ्घन गरेमा ।

(ख) लगातार तीन वर्षसम्म कम्तीमा एउटा खेलकुद प्रतियोगिता आयोजना गर्न असमर्थ भएमा ।

(ग) लगातार तीन वर्षसम्म सङ्घ संस्था नवीकरण नगरेमा ।

(घ) सङ्घ संस्था दर्ता गर्दा जानीजानी झुटो विवरण दिएको पुष्टि भएमा ।

(ङ) बोर्डले उचित ठहऱ्याएको अन्य गम्भीर अवस्था उत्पन्न भएको प्रमाणित भएमा ।

(च) सङ्घ संस्थाको रकम हिनामिना भएकोमा त्यस्तो रकम असुलउपर गर्नेतर्फ कुनै कारबाही अगाडि नबढाएमा ।

(४) यस दफाबमोजिम सङ्घ संस्थालाई कारबाही वा दर्ता खारेज गर्नु अघि सफाइको उचित मौका प्रदान गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिम कारबाही गर्नुअघि सम्बन्धित सङ्घ संस्थाले आफ्नो कमजोरी स्वीकार गरी लिखित रूपमा क्षमायाचना गरेमा बोर्ड वा समितिले कारबाही स्थगित गर्न वा जरिवानाको रकम घटाउन सक्नेछ ।

(६) यस दफामा उल्लिखित व्यवस्थाले सम्बन्धित सङ्घ संस्थालाई प्रचलित कानूनबमोजिम कारबाही गर्न, मुद्दा चलाउन वा सजाय गर्न कुनै बाधा पर्ने छैन ।

**३१. छानबिन सम्बन्धी व्यवस्था :**

(१) दफा ३० को उपदफा (३) बमोजिम दर्ता खारेजीको कारबाही गर्नुअघि बोर्डले तोकिएबमोजिम तीन सदस्यीय छानबिन समिति गठन गरी तोकिएको अवधिभित्र अनुसूची-७ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्न निर्देशन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने छानबिन समितिको कार्यविधि बोर्डसँग परामर्श गरी छानबिन समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) छानबिन समितिका सदस्यले पाउने भत्ता वा अन्य सुविधा तोकिएबमोजिम हुनेछ ।

**३२. पुनरावेदन सम्बन्धी व्यवस्था :**

दफा ३० बमोजिम गरिएको कारबाही वा दर्ता खारेजीसम्बन्धी निर्णयमा चित्त नबुझ्ने सङ्घ संस्थाले कारबाहीको लिखित सूचना पाएको मितिले पैँतीस दिनभित्र बुढानीलकण्ठ नगरपालिकाको न्यायिक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ । न्यायिक समितिको निर्णय प्रचलित कानूनबमोजिम अन्तिम हुनेछ ।

## परिच्छेद–६

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

**३३. खेलकुद पूर्वाधारः** (१) नगरक्षेत्रभित्र देहायबमोजिमका खेलकुद पूर्वाधारहरु निर्माण गरी सञ्चालन गर्न सकिनेछ :

क. रङ्गशाला, खेलग्राम,

ख. नगरस्तरीय, वडास्तरीय र विद्यालयस्तरीय खेलमैदान,

ग. कभर्डहल,

घ. व्यायामशाला,

ङ. खेलकुद प्रशिक्षण केन्द्र,

च. नगर कार्यपालिका वा बोर्ड आफैँले तोकेका अन्य खेल पूर्वाधारहरु।

(२) बोर्डले नगर क्षेत्रभित्र खेलकुद पूर्वाधारहरुको निर्माणस्थलको पहिचान गरी अभिलेख तयार गर्नुपर्नेछ।

(३) पहिचान भएका खेल पूर्वाधारहरुको निर्माणका लागि समितिले आवश्यक पहल गर्नेछ।

(४) स्रोत व्यवस्थापनका लागि नगर कार्यपालिका मार्फत संघीय तथा प्रदेश सरकार, अन्य विकास साझेदार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय गर्नेछ।

**३४.पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारीः** खेलकुद पूर्वाधारहरुको निर्माण तथा सञ्चालनमा नगरपालिकाले तोके बमोजिम सार्वजनिक निजी साझेदारीका आधारमा निर्माण तथा पुनः निर्माण गर्न सक्नेछ।

**३५.खेलकुद संरचनाहरुको मर्मत सम्भारः** निर्मित संरचनाहरुको सञ्चालन र मर्मत सम्भारमा समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यक प्रवन्ध गर्न सक्नेछ ।

## परिच्छेद -७
## विविध

**३६. अधिकार प्रत्यायोजन :**

बोर्ड वा समितिले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य–सचिव, छानबिन समिति, उपसमिति वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३७. नगरपालिकाले निर्देशन दिन सक्ने :**

(१) नगरपालिकाले खेलकुदको विकास तथा व्यवस्थापनका सम्बन्धमा बोर्डलाई र बोर्डमार्फत समिति वा सङ्घ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

**३८. शपथ ग्रहण सम्बन्धी व्यवस्था :**

बोर्डका उपाध्यक्ष, सदस्य, सदस्य–सचिव तथा समितिका अध्यक्ष र सदस्यले नगर प्रमुखबाट पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ। शपथको ढाँचा अनुसूची–८ बमोजिम हुनेछ।

**३९. नगर कानूनबमोजिम हुने :**

नगरपालिकाले आयोजना गर्ने खेलकुदको सञ्चालन, प्रवर्द्धन तथा विकाससम्बन्धी कार्य गर्न नगर कानूनमा व्यवस्था भएबमोजिम आवश्यक संरचना निर्माण गर्न सक्नेछ।

**४०. नियम बनाउने अधिकार :**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**४१. कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने :**

यस ऐनको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

**४२. नगर कार्यपालिकासँग सम्पर्क :**

बोर्डले खेलकुदसम्बन्धी कार्य हेर्ने नगरपालिकाको सम्बन्धित शाखामार्फत नगर कार्यपालिकासँग सम्पर्क तथा समन्वय राख्नुपर्नेछ ।

**४३. यस ऐनबमोजिम हुने :**

यस ऐनमा लेखिएजति कुरामा यसै ऐनबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**४४. खारेजी तथा बचाउ :**

(१) नगरपालिका क्षेत्रभित्र यस ऐन प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम दर्ता भएका खेलकुदसम्बन्धी सङ्घ संस्थालाई यसै ऐनबमोजिम दर्ता भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमका सङ्घ संस्थाले यस ऐनबमोजिम आवश्यक विवरण अद्यावधिक गरी तोकिएको अवधिभित्र नवीकरण तथा आबद्धता कायम गर्नुपर्नेछ ।

## अनुसूची–१

**(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)**

**सङ्घ संस्था दर्ताका लागि निवेदनको ढाँचा**

१. संस्थाको नाम : ........................................................

२. संस्थाको ठेगाना : जिल्ला ................ नगरपालिका ................ वडा नं. ........

३. स्थापना मिति : ........................

४. संस्थाको उद्देश्य : ........................................................

५. संस्थाको कार्यक्षेत्र : ........................................................

६. अध्यक्षको नाम, ठेगाना र सम्पर्क नं. : ........................................

७. सचिवको नाम, ठेगाना र सम्पर्क नं. : ........................................

८. कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यको विवरण :

| क्र.सं. | नाम, थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| 1 | | | | |
| 2 | | | | |
| 3 | | | | |
| 4 | | | | |
| 5 | | | | |
| 6 | | | | |
| 7 | | | | |
| 8 | | | | |

९. खेलकुदका मुख्य गतिविधि/प्रतियोगिता : ..........................................

१०. बैंक खाता विवरण : ........................................................

११. संलग्न कागजात : विधान, कार्यसमिति गठन/निर्वाचनसम्बन्धी कागजात, दर्ता प्रमाण तथा अन्य आवश्यक कागजात।

निवेदकको नाम : ........................................ पद : ........................

दस्तखत : ........................................ मिति : ........................

**अनुसूची–२**

**(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)**

**सङ्घ संस्था दर्ता प्रमाणपत्रको ढाँचा**

बुढानीलकण्ठ नगरपालिका

नगर खेलकुद विकास बोर्ड

सङ्घ संस्था दर्ता प्रमाणपत्र

दर्ता नं. : .........................                                                  मिति : .........................

यस प्रमाणपत्रद्वारा ..................................................................... नामक सङ्घ संस्था बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र खेलकुदसम्बन्धी कार्य सञ्चालन गर्न यस ऐनबमोजिम दर्ता भएको प्रमाणित गरिन्छ ।

दर्ता प्रमाणपत्रको वैधता, नवीकरण तथा सञ्चालन यस ऐन, प्रचलित कानून तथा बोर्डले तोकेका शर्तको अधीनमा हुनेछ ।

अध्यक्ष : .......................................

सदस्य–सचिव : .................................

कार्यालयको छाप : ..............................

**अनुसूची–३**

**(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)**

**सङ्घ संस्था नवीकरणका लागि निवेदनको ढाँचा**

१. संस्थाको नाम : .......................................................

२. दर्ता नं. : ........................ दर्ता मिति : ........................

३. ठेगाना : .......................................................

४. नवीकरण गर्नुपर्ने आर्थिक वर्ष : ........................

५. गत आर्थिक वर्षको आय–व्यय विवरण : ........................

६. लेखापरीक्षण प्रतिवेदन पेश गरेको/नगरेको : ........................

७. संस्थाका प्रमुख गतिविधिको संक्षिप्त विवरण : ................................

८. संलग्न कागजात : दर्ता प्रमाणपत्र, गत आर्थिक वर्षको आय–व्यय विवरण, लेखापरीक्षण प्रतिवेदन, नवीकरण शुल्क दाखिला प्रमाण तथा अन्य आवश्यक कागजात।

निवेदकको नाम : ........................................ पद : ........................

दस्तखत : ........................................ मिति : ........................

**अनुसूची–४**

**(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)**

**सङ्घ संस्था आबद्धताका लागि निवेदनको ढाँचा**

१. संस्थाको नाम : .......................................................

२. बोर्ड दर्ता नं. : ........................

३. दर्ता मिति : ........................

४. संस्थाको ठेगाना : .......................................................

५. आबद्ध हुन चाहेको खेलकुद विधा : ............................................

६. आबद्धताका लागि प्रस्तावित उद्देश्य/कार्यक्रम : .................................

७. कार्यक्षेत्र : .......................................................

८. संलग्न कागजात : दर्ता प्रमाणपत्र, नवीकरण प्रमाण, विधान, कार्यसमिति विवरण, वार्षिक कार्यक्रम तथा अन्य आवश्यक कागजात।

निवेदकको नाम : ........................................ पद : ........................

दस्तखत : ........................................ मिति : ........................

**अनुसूची–५**

**(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)**

**सङ्घ संस्था आबद्धता प्रमाणपत्रको ढाँचा**

बुढानीलकण्ठ नगरपालिका

नगर खेलकुद विकास बोर्ड

सङ्घ संस्था आबद्धता प्रमाणपत्र

आबद्धता नं. : ......................... मिति : .........................

यस प्रमाणपत्रद्वारा ...................................................................... नामक सङ्घ संस्था बुढानीलकण्ठ नगरपालिकाको नगर खेलकुद विकास बोर्डसँग यस ऐनबमोजिम आबद्ध भएको प्रमाणित गरिन्छ ।

आबद्धता प्रचलित कानून, बोर्डको निर्णय तथा तोकिएको आचारसंहिताको अधीनमा रहनेछ ।

अध्यक्ष : ........................................

सदस्य–सचिव : ..................................

कार्यालयको छाप : ...............................

**अनुसूची–६**

**(दफा २७ को उपदफा (१) सँग सम्बन्धित)**

**सङ्घ संस्थाको आय–व्यय श्रेस्ता तथा वार्षिक विवरणको ढाँचा**

| क्र.सं. | मिति | विवरण | आम्दानी (रु.) | खर्च (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |

वार्षिक कुल आम्दानी : रु. ................................

वार्षिक कुल खर्च : रु. ..................................

बाँकी रकम : रु. ..........................................

लेखापरीक्षकको नाम : .....................................

लेखापरीक्षण मिति : .......................................

संस्थाको अध्यक्षको दस्तखत : ...............................

सचिवको दस्तखत : .........................................

## अनुसूची–७
## (दफा ३१ को उपदफा (१) सँग सम्बन्धित)
## छानबिन समितिको प्रतिवेदनको ढाँचा

१. छानबिन समिति गठनसम्बन्धी बोर्डको निर्णय नं. र मिति : ........................

२. छानबिनको विषय : ........................................................

३. सम्बन्धित सङ्घ संस्थाको नाम तथा दर्ता नं. : ...................................

४. छानबिनको अवधि : ........................................................

५. प्राप्त कागजात तथा प्रमाणको विवरण : .........................................

६. सम्बन्धित पक्षको भनाइ/सफाइ : ................................................

७. स्थलगत निरीक्षण/जाँचको विवरण : ..............................................

८. तथ्यगत अवस्था : ............................................................

९. कानून/नियम उल्लङ्घन भएको वा नभएको अवस्था : .................................

१०. हानि–नोक्सानी वा अनियमितताको विवरण : .......................................

११. निष्कर्ष : .................................................................

१२. सिफारिस : .................................................................

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| 1 | | | |
| 2 | | | |
| 3 | | | |

प्रतिवेदन पेश गरेको मिति : ........................

समितिको संयोजकको दस्तखत : ........................

## अनुसूची–८
### (दफा ३८ सँग सम्बन्धित)
### पद तथा गोपनीयताको शपथको ढाँचा

म ....................................... सत्यनिष्ठापूर्वक प्रतिज्ञा/शपथ गर्छु कि बुढानीलकण्ठ नगरपालिकाको खेलकुद विकास बोर्ड/वडा खेलकुद विकास समितिको ............................... पदमा रही प्रचलित संविधान, कानून तथा यस ऐनको अधीनमा रही आफ्नो पदको काम इमानदारी, निष्पक्षता र निष्ठापूर्वक गर्नेछु ।

आफ्नो पदसँग सम्बन्धित गोपनीयता कायम राख्नेछु र पदको मर्यादा तथा हितविपरीत कुनै कार्य गर्ने छैन ।

ईश्वरको नाममा शपथ लिन्छु / सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु ।

नाम : .......................................

पद : .......................................

दस्तखत : ...................................

मिति : .......................................

प्रमाणिकरण मिति : २०८१।०३।२३

आज्ञाले,

तुल्सी राम अर्याल

**प्रमुख प्रशासकीय अधिकृत**